त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING

# पुल्चोक क्याम्पस
# PULCHOWK CAMPUS

☎ 5-521260, 5-521611, 5-522104, 5-522809

ccredited by University Grants ommission (UGC) Nepal 2020

पुल्चोक, ललितपुर । Pulchowk, Lalitpur

प.सं.च.नं: ।२०८१।०८२

मिति : २०८१/१२/११

## नयां छात्रावास भर्नाका लागि दरखास्त आव्हान गरिएको बारे ।

उपरोक्त सम्वन्धमा यस क्याम्पसमा २०८१ सालमा वि.इ/वि.आर्क तहमा भर्ना भएका विद्यार्थीहरु मध्येवाट प्रवेश परीक्षाको प्राप्तांक तथा एस एल सी पास गरेको जिल्ला र स्थायी वसोवास गर्दै आएको जिल्लाको स्कोरको आधारमा यस पुल्चोक क्याम्पसको नयां छात्रावासमा ९० जना विद्यार्थी आवाशिय सुविधा प्राप्त गर्नसक्ने क्षमता भएको हुंदा उक्त आवाशिय सुविधा प्राप्त गर्नको लागि संलग्न फाराममा उल्लेख भएवमोजिमको शर्तहरु रितपूर्वक भरी मिति २०८२ वैशाख १० गते भित्र नयां छात्रावास प्रशासनमा वुझाउनुहुन सम्वन्धित सवैमा सूचित गरिन्छ । म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही नहुने तथा झुठा व्यहोरा पेश गरेको प्रमाणित भएको खण्डमा त्यस्ता आवेदन रद्ध गरिने व्यहोरा यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारी गराइन्छ । आवेदन फाराम क्याम्पसको वेवसाइटमार्फत पनि डाउनलोड गर्नसकिनेछ ।

१) दरखास्त फाराम वितरण मिति : २०८१/१२/११
२) दरखास्त वुझाउने अन्तिम मिति : २०८२/०१/१०
३) दरखास्त फाराम वितरण र वुझाउने समय : विहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म
४) दरखास्त फाराम वितरण तथा वुझाउने स्थान : इ.अ.सं., नयां छात्रावास, पुल्चोक, ललितपुर ।
५) दरखास्त फाराम वुझाउँदा संलग्न गर्नुपर्ने कागजातहरु :-
   क) एस.एल.सी (SLC)/एस.इ.इ(SEE) को मार्कसिट (Mark sheet) र Character Certificate को फोटोकपी ।
   ख) नेपाली नागरिकताको फोटोकपी/ विदेशीको हकमा पासपोर्टको फोटोकपी ।
   ग) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो-२ (दुई) प्रति ।
   घ) प्रवेश परीक्षाको प्रवेश पत्र (Entrance Admission Card) को फोटोकपी ।
   ङ) म.न.पा, उ.म.न.पा, न.पा वा गा.वि.स.मा वसोवास गरेको प्रमाणित हुने स्थानिय निकायले प्रदान गरेको सक्कल सिफारिस पत्र ।

उप.प्रा. रोशन कार्की
सुपरिवेक्षक

वोधार्थ:-

१) श्रीमान् क्याम्पस प्रमुखज्यू,इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक ।
२) श्री सिभिल/आर्कीटेक्चर/इलेक्ट्रीकल/ इलेक्ट्रोनिक्स एण्ड कम्प्युटर/मेकानिकल एण्ड एरोस्पेश/केमिकल विभाग/ CIT, इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोक ।
३) श्रीमान् सभापतिज्यू, स्ववियु, इ.अ.सं. पुल्चोक क्याम्पस, पुल्चोक ।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक क्याम्पस

छात्रावासमा आवेदन दिने विद्यार्थीले निम्न बमोजिमका छात्रावासका नियमहरु अध्ययन गरी प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।

१. नयां छात्रावासको पूर्व स्वीकृती नलिई लामो समय सम्म बाहिर जाने, बिदामा बस्ने, अनधिकृत विद्यार्थीहरुलाई आफ्नो कोठामा प्रवेश गराउने तथा छात्राबासको नियम बिरुद्ध कार्य गरेको पाइएमा त्यस्ता विद्यार्थीलाई तत्काल छात्रावासबाट निष्काशन गर्नसकिनेछ ।

२. छात्रावासमा आवासिय सुबिधा प्राप्त गरेका विद्यार्थीले छात्राबासमा प्रवेशद्धारमा रहेको इलेक्ट्रीक थम्समा अनिवार्य रुपले हाजिरी गर्नुपर्नेछ ।

३. नयां छात्रावासमा आवासिय सुबिधा प्राप्त गरेका विद्यार्थीहरुले छात्रावास प्रशासनलाई कुनै जानकारी नदिई आफू बसेको कोठाको फर्निचर लगाएतका सामाग्रीहरु अनिवार्य रुपमा नबुझाई छात्रावास छोडेमा, कोठा सरेमा, कोठाका भित्तामा जथाभावी रङ्ग लगाउने, चित्र कोरेमा वा छात्राबास नियम विपरित काम गरी ३ पटक सम्म दिएको चेतावनी (Warning) को वेवास्ता गरी छात्रावासको वातावरणमा खलल पु-याएमा त्यस्ता विद्यार्थीहरुलाई छात्राबासबाट निष्कासन गरिने छ ।

४. प्रत्येक आवासीय प्राप्त गरेका विद्यार्थीहरुले अनिवार्य रुपले छात्रावासमा बसेको हुनुपर्नेछ । विद्यार्थीहरुले कुनै पनि बहानामा छात्रावास भित्र खाना पकाउने लगायत अवाञ्छित कार्य गरेको खण्डमा नियमानुसार छात्रावासबाट निष्काशन गरिनेछ । यदि कुनै विद्यार्थीलाई अत्यावश्यक काम परेमा वा आकस्मिक घटनाहरु भए वा घटेमा, विद्यार्थी आफू विरामी भई लामो समय सम्म उपचार गर्नुपरेमा छात्राबास प्रशासनसँग लिखित निवेदन स्वीकृत गराएर मात्र बस्नुपर्नेछ ।

५. छात्रावास भित्र आफ्नो कोठामै वा जुत्ता -याक राखी जुत्ता चप्पलको स्वयंले अनिवार्य रुपमा व्यवस्थापन गर्नुपर्नेछ । आफ्नो कोठाको सम्पूर्ण जिम्मेवार विद्यार्थी स्वयं हुनुपर्नेछ । मोवाइल, ल्यापटप लगायत बहुमुल्य सामाग्रीहरुको जिम्मेवार विद्यार्थी स्वयं हुनुपर्नेछ । छात्रावसमा बस्न अनुमति प्राप्त गरेका प्रत्येक विद्यार्थीलाई मासीक १०(दश) युनीट विद्युत खपत गर्न दिइनेछ । सो भन्दा माथी विद्युत खपत गरेको अवस्थामा नियमानुसार थप शुल्क तिर्नुपर्नेछ । छात्रावास भित्र माटोका हिटर, इन्डक्सन वा विद्युत बढी खपत हुने खालका विद्युतीय सामाग्रीहरु प्रयोग गर्न पाइनेछैन् । छात्रावभित्र लौण्ड्रीको र नुहाउने तातोपानीको सुविधा परिसर भित्र रहने छैन ।

६. छात्रावास भित्र निषेधित गरिका बस्तु र निषेध गरिएका कृयाकलाप गर्न पाइने छैन् । यदि त्यस्तो क्रियाकलाप र बस्तु भेटिएमा जुनसुकै समय छात्रावासबाट निष्कासन गरिनेछ । छात्रावास भित्र कुनैपनि समयमा होहल्ला गर्न पाइने छैन् । छात्रावासमा आवाशिय सुविधा प्राप्त गर्ने विद्यार्थीहरुका लागि सवारी पार्कीङ्गको कुनै पनि सुबिधा उपलब्ध गराइने छैन् ।

७. छात्रावासमा बस्ने विद्यार्थीहरुलाई गम्भिर किसिमको निको नहुने रोग लागेको खण्डमा अभिभावकको जिम्मा लगाइनेछ ।

८. छात्रावासमा बस्ने विद्यार्थीहरुमाथी फौजदारी अभियोग प्रमाणित भएमा छात्रावासबाट निष्कासन गरिनेछ ।

९. छात्रावास सम्बन्धी विनियम २०५७, पुल्चोक क्याम्पसको नियम परिपत्र र छात्रावासमा बस्ने विद्यार्थीहरुले अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

१०. कुनै पनि विधार्थीले मादक पदार्थ सेवन गरेर छात्राबास भित्र प्रवेश गर्न पाइने छैन । साथै नेपालको कानूनले बन्देज गरेका बिस्फोटक पदार्थ, लागु पदार्थ, मादक पदार्थ, आगलागी हुने पदार्थ, घातक हातहतियार हरु छात्रावासमा राख्न पाइने छैन ।

श्रीमान् सुपरीवेक्षकज्यू, मैले छात्रावास पाएको खण्डमा उपरोक्त नियमहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

रो.नं................................नाम.................................. हस्ताक्षर ......................... मिति २०८ । ।

त्रिभुवन विश्व विधालय
ईन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक क्याम्पस
बि.ई.छात्रावास आवेदन फारम

१ विद्यार्थीको विवरण
Name............................ Roll No..................Department.............
Phon No.......................... .Email..........................................
B.Entrance Roll No..............Rank...............Score..............
२.अभिभावकको नाम ................................नाता............................
अभिभावकको फोन न.............................अभिभावक रहेको स्थान.....................

३.नागरिकता अनुसार पछिल्लो पल्ट कायम गरिएको सदरमुकाम र नगरपालिका अनुसारको स्थानको विवरण

| सि.न. | नागरिकता अनुसार जन्मस्थानको विवरण | जिल्ला गा.वि.स न.पा.को नाम | |
|---|---|---|---|
| क | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| ख | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका | | |
| ग | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| घ | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका | | |

४.एस एल सी दिएको स्कूल र पछिल्लो पल्ट कायम गरिएको सदरमुकाम र नगरपालिका अनुसारकोस्थानको विवरण

| सि.नं. | एस एल सी.दिएकोस्थानको विवरण | जिल्ला गा.वि.स न.पा.को नाम | यदि एस एल सी दिएकोजिल्ला नागरिकता भन्दा स्थानमाफरक भए ()चिन्ह लगाउनुहोस् । |
|---|---|---|---|
| क | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| ख | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका | | |
| ग | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| घ | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका | | |

द्रस्टव्य

| | |
|---|---|
| क | नगरपालिका भन्नले पछिल्लो पल्टकायम भएको नगरपालिका बुझाउने छ । |
| ख | काठमाण्डौ, ललितपुर र भक्तपुर उपत्यकामा जन्म भई सोही ठाउबाट एस एल सी. पास गरेका विधर्थीहरु छात्राबासको लागि योग्य हुने छैनन् । |
| | बिदेशको नागरिकता वा विदेशबाट एस एल सी पास गरेका विधार्थी छात्राबासको लागि योग्य हुने छैनन् । |
| ग | २५ दुर्गम जिल्ला ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, धादिङ्ग, रसुवा, गोरखा, मानङ्ग, मुस्ताङ्ग, सल्यान, रोल्पा, |
| घ | रुकुम, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, हुम्ला मुगु कालीकोट, बझाङ्ग, बाजुरा, अछाम, दार्चुला, डडेल्धुरा । |
| | बाँकी सुगम जिल्ला । |
| ङ० | |

बुझाउनु पर्ने कागजातहरु
(क) नगरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ख) एस एल सी को लब्धाङ०क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
(ग) पासपोट साइजको फोटो २ बटा
(घ) न.पा. । गा.वि.स. को सिफारिस
माथि उल्लेख गरेको विवरण सही छ यदि झुठा ठहरिएमा छात्राबासको नियम अनुसार छात्राबास बस्न योग्य नहुनेमा मेरो मन्जुरी छ ।

बिद्यार्थीको हस्ताक्षर..................................... मिति...............................